# रोशी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ | भागः २ | मितिः २०७६/१२/०८


## भाग–२

## रोशी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम रोशी गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यबिधि सर्बसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७६ सालको कार्यबिधि नं: १०

# रोशी गाउँपालिकाको बोधिचित्त माला संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०७६

**प्रस्तावना :**

यस रोशी गाउँपालिका भित्र उत्पादन हुने बोधिचित्त मालाको विक्री उत्पादनको परिमाणको आधारमा नभै धार्मिक मूल्य एवं विश्वासलाई मापक बनाइ सोको आधारमा हुने गरेको र एकै प्रकृतिको उत्पादनमा फरक फरक मूल्य निर्धारण हुने र थोरै मालवस्तुको अनपेक्षीत मुल्य प्राप्त हुनाले विभिन्न अपराधिक कृयाकलाप समेत हुने देखिएको र मालवस्तुको वास्तविक धनी भनी फरक फरक व्यक्तिहरूले एउटै वोटको मालालाइ फरक फरक व्यक्ति सग सम्भ्कौता गरी बारम्बार द्वन्द्व हुने बिषयलाई न्यूनिकरण गरी यसलाई व्यवस्थित बनाउन बोधिचित्त माला संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०७६ निर्माण गर्न वान्छनीय भएकोले,

रोशी गाउपालिको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी रोशी गाउपालिकाले बोधिचित्त माला संरक्षण तथा ब्यवस्थापन कार्यविधि, २०७६ बनाएको छ।

## परिच्छेद – १ (एक)

**१. संक्षिप्त नाम र प्रारंम्भः**

क) यो कार्यबिधिको नाम **“बोधिचित्त माला संरक्षण तथा ब्यवस्थापन कार्यविधि, २०७६”** रहनेछ।

ख) यो कार्यबिधि तत्काल लागु हुनेछ।

**२. परिभाषाः**

क) “कार्यबिधि” भन्नाले बोधिचित्त माला संरक्षण तथा ब्यवस्थापन कार्यविधि, २०७६ लाई बुझाउँनेछ।

ख) "गाउँपालिका" भन्नाले रोशी गाउँपालिकालाई बुझाउँनेछ ।

ग) "स्थानीय तह" भन्नाले रोशी गाउँपालिकालाई बुझाउँनेछ ।

घ) "वडा कार्यालय" भन्नाले गाउँ कार्यपालिका अन्तर्गतको वडा कार्यालयलाई सम्झनु पर्दछ

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

## परिच्छेद – २ (दुई)

**३. बोधिचित्त माला संरक्षण तथा व्यवस्थापनसम्बन्धी व्यवस्था**

३.१ आधिकारिक सम्झौता गरेर मात्र बुद्वचित्त मालाको खरीद विक्री गर्नुपर्ने:

३.१.१ गाउँपालिका क्षेत्रभित्र बुद्वचित्त मालाको उत्पादन गरी खरीद विक्र् गर्न चाहने व्यक्ति वा संस्थाले आफूले खरीद बिक्री गर्नु पूर्व उत्पादित सामानको वास्तविक धनी, उत्पादन स्थल, बिक्री गरिने परिणाम र किन्ने व्यक्ति वा संस्थाको ठेगाना र मूल्य खुलेको बिवरण सहित केतासँगको सम्झौता वडाध्यक्ष वा निजले तोकेको आधिकारीक प्रतिनिधिको रोहवरमा मात्र अनुसुचि-२ बमोजिम गर्नुपर्नेछ ।

३.१.२ बुँदा ३ को १ बमोजिम भएको सम्झौता को प्रतिलिपी वडा कार्यालयले ३ दिनभित्र गाउँपालिकामा सूचिकृत गर्नुपर्नेछ र यसरी सवै वडाबाट प्राप्त भएका अनुसूचि को विवरण एकिकृत गरी मासिक रुपमा गाउँपालिकाले जिल्ला प्रशासन कार्यालय एवं बन कार्यालयमा पठाउनु पर्नेछ ।

३.१.३ बुद्धचित्त मालाको खरीद बिक्री गर्नुपूर्व गाउँपालिकाका अतिरिक्त प्रचलित कानून बमोजिम तोकिएको अन्य निकायबाट अनुमति लिनुपर्ने अवस्थामा सम्बन्धित निकायबाट समेत अनुमति लिनुपर्ने दायित्व सम्बन्धित बोधिचित्त माला धनी तथा व्यवसाय सञ्चालन गर्ने व्यक्तिको हुनेछ ।

३.१.४ आफ्नो वडा क्षेत्रमा रहेको मालाको बोटको वडा कार्यालयले प्रत्येक बर्षको बैशाख मसान्त भित्र रेखाङ्कन गरी गाउँपालिकामा प्रतिबेदन गर्नुपर्ने छ र उक्त रेखाङ्कन अनुरुप सम्झौता भए नभएको वडा कार्यालयले अनुगमन गर्नु पर्नेछ ।

३.१.५. यो अनुसूचि विपरित भएको सम्झौता मान्य हुने छैन ।

## परिच्छेद – ३ (तीन)

**४. बुद्धचित्त माला खरीद बिक्रीको सम्झौताका लागि दरखास्त दिनेः**

४.१ गाउँपालिका क्षेत्रभित्र बुद्धचित्त माला खरीद बिक्री गर्न चाहने व्यक्ति वा संस्थाले देहायका विवरण तथा कागजात समेत संग्लन गरी वडा कार्यालयमा दरखास्त दिनु पर्नेछ ।

(क) माला धनीको नेपाली नागरिकताको प्रतिलिपि

(ख) माला धनीको जग्गाको लालपुर्जाको प्रतिलिपि

(ग) जग्गा रहेको स्थानको नक्सा र नापीले उक्त जग्गामा नै बिरुवा रहेको एकिन गरेको पत्र

(घ) खरीद बिक्री गर्न लागिएको बोटहरूको तस्वीर

(ङ) क्रेताको नागरिकताको प्रतिलिपी

(च) क्रेताले व्यवसाय संचालन गर्न सम्वन्धीत निकायबाट लिएको अनुमति पत्र, कर दर्ता, स्थायी लेखा नम्बर र आर्थिक श्रोत खुल्ने विवरण

४.२ उपदफा (१) बमोजिम दरखास्त प्राप्त भएपछि वडा कार्यालयले सो उपर आवश्यक जाँचबुझ गरी आर्थिक ऐनमा तोकिए बमोजिमको ५ प्रतिशत सहजीकरण शुल्क लिई सम्झौता गर्न सहजीकरण गर्नेछ ।

४.३ उपदफा (२) बमोजिम जाँचबुझ गर्दा उक्त जग्गाको स्वामीत्वमा विवाद भएमा अंश बन्डा नभएसम्म सम्झौता नगरी रोक्का गर्नेछ र सार्वजनिक जग्गा रहेको ठहरीए उक्त जग्गामा फलेको फल टिप्न लगाइ गाउपालिकाबाट सुचना प्रकाशन गरी बढाबढको माध्यमबाट विकी वितरण गर्नेछ ।

४.४ उपदफा (३) बमोजिम बुद्वचित्त माला को सम्झौता भएपछि वडा कार्यालयले अनुसूची-३ बमोजिमको दर्ता किताबमा उल्लेख गरी लगत कायम गर्नेछ ।

**५. सम्झौता कायम रहनेः**

५.१ वार्षिक रुपमा बुद्वचित्त माला को बिक्री वितरण शुरु गर्नु पूर्व वडा कार्यालयको रोहवरमा सम्झौता गर्नुपर्ने छ । यसरी गरीएको सम्झौता एक वर्ष भन्दा बढी अवधिको हुने छैन ।

५.२ अनुमति नलिइ बिक्री वितरण गरेको एवं एउटा जग्गाको पुर्जा देखाइ अन्यत्रको विकी वितरण गरेको तथा एउटाले खरीद सम्झौता गरेको अर्कैले विकी गरेको पाईएमा गाउँपालिकाले जुन सुकै बखत कारबाहीका लागि सिफारिस गर्ने छ ।

५.३ वडा कार्यालयले कुनै एक पक्षसंग सम्झौता भएपछि अर्को व्यक्ति वा संस्थासंग सम्झौता नहुने कुराको सुनिश्चितता गराउनु पर्नेछ ।

५.४ सम्झौता भएपछि उक्त स्थलको सुरक्षा व्यवस्था मिलाउने दायित्व वडा कार्यालय एवं गाउपालिकाको हुनेछ ।

# अनुसूची- १

दफा ३ .को पदफा १ संग सम्बन्धित

बोधिचित्त माला खरिद/बिक्रीको लागि निबेदन

श्रीमान् वडाध्यक्ष्ज्यू ,
वडा नं. ....... , रोशी गाउँपालिका,
काभ्रेपलान्चोक ।

**बिषय : बोधिचित्त माला खरिद बिक्री सम्बन्धमा ।**

मैले/हामीले निम्न स्थानमा खरिद बिक्री गर्न लागेको बोधिचित्त मालाको कारोवारको लागि आवश्यक कागजात सहित दरखास्त गर्न आएका छु/छौं । नियमानुसार लाग्ने कर बुझाउनुको साथै यस रोशी गाउँपालिकाबाट समय-समयमा दिईने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौ । साथै मैले/हामीले पेश गरेको कागजात तथा विवरणहरू ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कार्बाही भएमा मञ्जुर छु/छौं ।

१. बोधिचित्त माला खरिद/बिक्री कर्ताको नाम थर :.................

२. स्थायी ठेगाना : जिल्ला ................ गा.पा. ..................
वडा नं. .......घर नं. ....

३. बाबुको नाम थर : .............

४. सम्पर्क फोन नं ........................मो.नं. .........

५. पेशाः ............

६. बोधिचित्त मालाको बोट रहेको ठेगानाः वडा नं. .....जग्गाको कित्ता नं. ......... बोट संख्या ......

६. आवश्यक कागजातहरू :

क) नागरिकताको प्रतिलिपी

ख) कम्पनी फर्म भएमा ईजाजत प्रमाण पत्र

ग) आन्तरिक राजश्व कार्यालयमा अघिल्लो आ.व.सम्मको कर तिरेको करदाताको प्रमाणपत्रको प्रतिलिपी

घ) जग्गा धनीको लाल पूर्जाको प्रतिलिपी

निबेदकको दस्तखत :

नाम थर :

मिति : ..............

# अनुसूची - २

परिच्छेद - २ को बुँदा नं. १ संग सम्बन्धित

## सम्झौता पत्र

यस रोशी गाउँपालिका वडा नं........निबासी बुद्वचित्त माला धनी श्री.................................(प्रथम पक्ष भनिने) र........................ गाउँ/नगरपालिका निवासी क्रेता श्री.................... (द्वितिय पक्ष भनिने) बीच प्रथम पक्षको जग्गामा रहेको बोधिचित्त माला तपशिल बमोजिमको शर्तहरूमा खरिद/बिक्री गर्न सहमत भई रोशी गाउँपालिकाका वडा नं. ......... का वडाध्यक्ष/वडा अध्यक्षले तोकेको जनप्रतिनिधि श्री...................................... को रोहवरमा यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौ/दियौं ।

**शर्तहरू :**

१ बोधिचित्तको मालाको फल उत्पादन स्थलबाट टिप्दा वा बिक्री गर्दा वडा कार्यलयको वा गाउँपालिकाको रोहबरमा मात्र टिप्नु वा बिक्री बितरण गर्नु पर्नेछ ।

२) यो सम्झौता भएको .......... दिन/महिना भित्र प्रथम पक्षको बोधिचित्त माला द्वितिय पक्षले उत्पादन स्थलबाट लगि सक्नु पर्नेछ ।

३) प्रथम पक्षबाट द्वितिय पक्षलाई बिक्रि गरिसकेको माला उत्पादन स्थलबाट नै पुन अर्को तेस्रो पक्षलाई दोस्रो पक्षले पुनः बिक्रि गर्नु परेमा पुनः कार्यबिधि बमोजिमको सम्झौता गरी फाईदा रकममा ५ प्रतिशत सहजिकरण शुल्क असुल हुनेछ । यदि त्यसो

नगरिएको पाईएमा गा.पा./वडा कार्यालयबाट उक्त बोधिचित्त मालालाई प्रशासनको सहयोगमा नियन्त्रणमा लिई आवश्यक कारबाहीको लागि सिफारिस गर्नेछ ।

४) करार सम्झौता बमोजिम बिक्री भईसकेको बोधिचित्तको माला रहेको स्थलमा दुबै पक्षबाट कुनै पनि किसिमको अवाच्छनिय कृयाकलाप गर्ने छैन । यदि कसैले गरेको पाईएमा सोको जानकारी वडा कार्यालय/गाउँपालिका वा जिल्ला प्रशासन कार्यालयमा जानकारी गराउने कार्य दुबै पक्षको दायित्व हुनेछ । अन्यथा आवश्यक सुरक्षाको प्रबन्ध गर्न निकाय बाध्य हुने छैन ।

५) आजको मितिबाट दुबै पक्ष यो करारनामालाई पालन गर्न मन्जुर भएको हुँदा यदि कुनै पक्षबाट सोको उल्लघन भएमा कानून बमोजिम कारबाही भोग्नको लागि दुबै पक्ष मन्जुर छौं ।

६) गाउँपालिकाले तोकेको सहजिकरण शुल्क र अन्य निकायले तोकेको शुल्क बिक्री गर्ने पक्षले तिर्नुपर्नेछ ।

७) बुद्वचित्त मालाको व्यवसाय सञ्चालन गर्नुपूर्व प्रचलित कानून बमोजिम तोकिएको निकायबाट अनुमति लिनुपर्ने अवस्थामा सम्बन्धित निकायबाट समेत अनुमति लिनुपर्ने दायित्व बोधिचित्त माला धनी तथा व्यवसाय सञ्चालन गर्ने व्यक्ति दुवैको हुनेछ ।

८) प्रथम पक्षको देहायको ठेगानामा रहेको बोधिचित्त माला रु. ........... (अक्षेरुपि..........................................................) मा खरिद गर्न दोस्रो पक्ष सहमत हुनेछ ।

(क) रोशी गाउँपालिका वडा नं. ...... साविक..........गाविसको कित्ता नं. ........मा रहेको .............बोटको अन्दाजी

(ख) रोशी गाउँपालिका वडा नं. ...... साविक..........गाविसको कित्ता नं. ........मा रहेको .............बोटको अन्दाजी

(ग) रोशी गाउँपालिका वडा नं. ...... साविक..........गाविसको कित्ता नं. ........मा रहेको .............बोटको अन्दाजी

ईति सम्बत २०७६ साल...........महिना..........गते रोज .... शुभम् ।

| **प्रथम पक्ष** | **रोहवर** | **द्वितिय पक्ष** |
|---|---|---|
| हस्ताक्षर .......... | हस्ताक्षर ........ | हस्ताक्षर ............ |
| नाम श्री ......... | नाम श्री .......... | नाम श्री ............ |
| ठेगाना : ........... | ठेगाना : ............ | ठेगाना : ............. |

# अनुसूचि - ३

## कार्यबिधिको परिच्छेद - ३ को बुँदा ४ संग सम्बन्धित

## दर्ता किताब

| सि. नं. | माला धनिको नाम | केताको नाम | माला रहेको स्थान | कबोल अंक | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| ८. | | | | | |
| ९. | | | | | |

आज्ञाले

डम्बरु दाहाल

प्रमुख प्रशासकीय अधिकृत